साविकको युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेड मर्जर भई बनेको यस संस्थाको कुल चुक्ता पूँजी रु. ११,०६,३२,५००/- को ९४.०१ प्रतिशले हुन आउने संस्थापक समूहको रु.१०,४०,०२,५००/- र ५.९९ प्रतिशले हुन आउने सर्वसाधारण समूहको रु. ६६,३०,०००/- रकम बराबरको शेयर कायम रहेको हुनाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र नेपाल राष्ट्र बैंकले एक आपसमा गाभ्ने/गाभिने (मर्जर)का लागि अन्तिम स्वीकृति पत्र प्रदान गर्दा दिएको निर्देशन बमोजिम कुल जारी पूँजीको कम्तीमा ३० प्रतिशत शेयर सर्वसाधारणलाई छुट्याउनु पर्ने हुँदा यस संस्थाले रु.३,७९,४२,५००/- रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००/- दरका ३,७९,४२५ कित्ता साधारण शेयर सर्वसाधारणहरुमा थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) गरिएको छ ।

दरखास्त दिनुपर्ने न्यूनतम कित्ता	: १० कित्ता
दरखास्त दिन पाउने अधिकतम कित्ता	: १,००० कित्ता

दरखास्त साथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०८०/०१/२१, नेपाल राष्ट्र बैंकमा विवरण-पत्र दर्ता भएको मिति २०८०/०१/२५ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०८०/०१/२७ गते ।

युनिक नेपाल
UNIQUE NEPAL
LAGHUBITTA BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (१० जिल्ला कार्य क्षेत्र भएको)
रजिष्टर्ड कार्यालय : कोहलपुर नगरपालिका वडा नं.११, बाँके, लुम्बिनी प्रदेश, नेपाल, फोन नं.: ०८१-५४०२१३
इमेलः unique.lbsl@gmail.com, वेभसाइटः www.uniquenepalmicrofinance.com.np

आव्हान-पत्र

कम्पनीको नेटवर्थ सम्बन्धी विवरण :

विवरण	वास्तविक (घोडीघोडा लघुवित्त वित्तीय संस्था लि.)			वास्तविक (युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि.)			आ.व.०७९/८० चैत्र मसान्तसम्मको अपरिष्कृत*	प्रक्षेपित		
	आ.व.०७५/७६	आ.व.०७६/७७	आ.व.०७७/७८	आ.व.०७६/७७	आ.व.०७७/७८	आ.व.०७८/७९		आ.व.०७९/८०	आ.व.०८०/८१	आ.व.०८१/८२
प्रति शेयर नेटवर्थ (रु.)	९१.४२	८६.९७	७१.४८	३४७.४७	४५३.५४	३२१.२३	२६३.३८	३६८.२२	४८३.२१	५११.७४
प्रति शेयर आम्दानी (रु.)	०.५९	(४.४५)	(१५.४९)	६४.८९	१२१.७७	६०.८८	(५४.०८)	९५.३२	१६१.२३	१३३.६२
सञ्चित नाफा/(नोक्सान) (रु. हजारमा)	१६३.९७	(१,२२९.१९)	(४,२७९.०८)	४०,८७७.९२	७६,७१४.४९	६७,३५०.०७	(५९,८३०.५१)	१४१,६२७.९९	२३९,५३९.६२	२५१,९६५.२२

साधारण शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मिति : २०८०/०२/११ गते
निष्काशन बन्द हुने मिति (छिटोमा) : २०८०/०२/१६ गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०८०/०२/२५ गते (बैंकिङ्ग समय पश्चात्)

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्व:विवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

यो विवरण-पत्र नभई केवल आव्हान-पत्र मात्र हो ।

१. संस्थाको नाम :

युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि. (Unique Nepal Laghubitta Bittiya Sanstha Ltd.)।

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/४/१८ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भएको हो । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०७५/७/२५ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृति प्राप्त गरी दश जिल्ला कार्यक्षेत्रको "घ" वर्गको वित्तीय संस्थाको हैसियतले मिति २०७५/९/१ गतेदेखि लघुवित्त कारोबार सञ्चालन गर्दै आइरहेको छ ।

कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७८/०९/२० गतेको पत्रबाट मर्जरको स्वीकृति प्राप्त गरी साविकको युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडले युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट स्वीकृति लिई मिति २०७८/०९/३० गतेदेखि एकीकृत कारोबार शुभारम्भ गरिएको हो । एकआपसमा गाभिदा ड्यू डेलिजेन्स रिपोर्ट, दुवै पक्षको सञ्चालक समिति र विशेष साधारण सभाको निर्णय अनुसार कायम भएको शेयर स्वाप अनुपात १:२ अर्थात युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको १ शेयर बराबर घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडको २ शेयरको अनुपातमा कायम हुन आएको जम्मा शेयर कित्ता ११,०६,३२५ नेपाल धितोपत्र बोर्डमा पुनः दर्ता अभिलेख मिति २०७९/०४/१३ गते गरिएको छ ।

३. संस्थाको रजिष्टर्ड कार्यालय :

यस वित्तीय संस्थाको रजिष्टर्ड (प्रधान कार्यालय) कार्यालय कोहलपुर नगरपालिका, वडा नं. ११, बाँके, लुम्बिनी प्रदेशमा रहेको छ ।

४. कारोवार गर्ने मुख्य स्थान :

यस वित्तीय संस्थाको कारोवार गर्ने स्थान बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, सुर्खेत र डडेलधुरा गरी १० जिल्लामा कार्यक्षेत्र रहेको छ । मिति २०७९/१२/३० गतेसम्मको अद्यावधिक तथ्याङ्क अनुसार यस वित्तीय संस्थाले ४१ वटा शाखा कार्यालयहरु मार्फत लघुवित्त कारोवार गर्दै आईरहेको छ, र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोबार गर्न सक्नेछ । हाल यस वित्तीय संस्थाको रजिष्टर्ड केन्द्रीय कार्यालय कोहलपुर नगरपालिका, वडा नं. ११, बाँकेमा रहेको छ, र यस वाहेक तपसिलका स्थानहरुमा रहेको शाखा कार्यालयहरुबाट आफ्नो लघुवित्त कारोबार गर्दै आइरहेको छ ।

क्र.सं.	शाखाको नाम तथा ठेगाना	क्र.सं.	शाखाको नाम तथा ठेगाना	क्र.सं.	शाखाको नाम तथा ठेगाना
१	गुलरिया शाखा, गुलरिया नगरपालिका-०५, बर्दिया	१५	कोहलपुर शाखा, कोहलपुर नगरपालिका-०५, बाँके	२९	भजनी शाखा, भजनी नगरपालिका-०१, कैलाली
२	बाँसगढी शाखा, बाँसगढी नगरपालिका-०५, बर्दिया	१६	पुरैना शाखा, नेपालगञ्ज उप-महानपा-०६, बाँके	३०	मसुरिया शाखा, गौरीगंगा नगरपालिका-०८, कैलाली
३	मैनापोखर शाखा, बढैयाताल गाउँपालिका-०६, बर्दिया	१७	फत्तेपुर शाखा, राप्तीसोनारी गाउँपालिका-०६, बाँके	३१	पथरैया शाखा, जानकी गाउँपालिका-०५, कैलाली
४	सानोश्री शाखा, मधुवन नगरपालिका-०८, बर्दिया	१८	बिनौना शाखा, राप्तीसोनारी गाउँपालिका-०५, बाँके	३२	सुखड शाखा, घोडाघोडी नगरपालिका-०१, कैलाली
५	राजापुर शाखा, राजापुर नगरपालिका-०४, बर्दिया	१९	गढवा शाखा, गढवा गाउँपालिका-०६, दाङ	३३	फूलवारी शाखा, धनगढी उप-महानपा-१९, कैलाली
६	नयाँगाउँ शाखा, राजापुर नगरपालिका-०२, बर्दिया	२०	ओदारी शाखा, वाँणगंगा नगरपालिका-११ कपिलबस्तु	३४	चौमाला शाखा, गौरीगंगा नगरपालिका-०१, कैलाली
७	जयनगर शाखा, बारबर्दिया नगरपालिका-०६, बर्दिया	२१	टिकापुर शाखा, टीकापुर नगरपालिका-०१, कैलाली	३५	महेन्द्रनगर शाखा, भिमदत्त नगरपालिका-१८, कञ्चनपुर
८	शान्तिबजार शाखा, गेरुवा गाउँपालिका-०३, बर्दिया	२२	धनगढी शाखा, धनगढी उप-महानपा-०२, कैलाली	३६	झलारी शाखा, शुक्लाफाँटा नपा-१०, कञ्चनपुर
९	भुरीगाउँ शाखा, ठाकुरबाबा नगरपालिका-०१, बर्दिया	२३	अत्तरिया शाखा, गोदावरी नगरपालिका-०२, कैलाली	३७	बेलौरी शाखा, बेलौरी नगरपालिका-०४, कञ्चनपुर
१०	ठाकुरद्वारा शाखा, ठाकुरबाबा नगरपालिका-०९, बर्दिया	२४	बौनिया शाखा, बर्दगोरिया गाउँपालिका-०२, कैलाली	३८	आईबिआरडी शाखा, पुनर्बास नगरपालिका-०३, कञ्चनपुर
११	मानपुरटपरा शाखा, राजापुर नगरपालिका-०६, बर्दिया	२५	जोसीपुर शाखा, जोसीपुर गाउँपालिका-०१, कैलाली	३९	गेटा शाखा, गोदावरी-५ गेटा, कैलाली
१२	नेपालगञ्ज शाखा, नेपालगंज उप-महानपा-१०, बाँके	२६	हसुलिया शाखा, कैलारी गाउँपालिका-०१, कैलाली	४०	बेलडाँडी शाखा, बेलडांडी-४ वैवाह, कञ्चनपुर
१३	राँझा शाखा, नेपालगंज उप-महानपा-२०, बाँके	२७	नारायणपुर शाखा, टीकापुर नगरपालिका-०६, कैलाली	४१	कृष्णपुर शाखा, कृष्णपुर नगरपालिका-५, गुलरिया कञ्चनपुर
१४	खजुरा शाखा, खजुरा गाउँपालिका-०५, बाँके	२८	प्रतापपुर शाखा, लम्कीचुहा नगरपालिका-०९, कैलाली		

५. संगठित संस्थाको स्थापनाकाल देखि हाल सम्मको संक्षिप्त इतिहास र मुख्य उद्देश्यहरु :

यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/४/१८ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भएको हो । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०७५/७/२५ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृत प्राप्त गरी १० जिल्ला कार्यक्षेत्र भएको "घ" वर्गको वित्तीय संस्थाको हैसियतले मिति २०७५/९/१ गतेदेखि लघुवित्त कारोबार सञ्चालन गर्दै आइरहेको छ । यस वित्तीय संस्थाका संस्थापकहरुमा विभिन्न बैंक तथा वित्तीय संस्था, बैंकिङ्ग क्षेत्र, जलविद्युत क्षेत्र, सरकारी, गैर सरकारी, शैक्षिक क्षेत्र, कृषि उद्योग तथा ब्यापार क्षेत्र एवं व्यवस्थापन क्षेत्रमा लामो अनुभव भएका प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ । "घ" वर्गको लघुवित्त संस्थामा रुपान्तरण हुनुभन्दा पहिले फिंगोको रुपमा करिव १८ वर्ष लघुवित्त कारोबार सञ्चालन गरेको अनुभव प्राप्त संस्थापक र कर्मचारीहरु रहेका छन् ।

वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार गर्ने यस लघुवित्त वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छः

(१) वित्तीय संस्थाको निक्षेपकर्ताको हक-हितको संरक्षण र सम्वर्द्धन गर्दै स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,
(२) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य ब्यवसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशील ब्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, ब्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,
(३) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक ब्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा ब्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रूपमा संलग्न भई सहयोग पुऱ्याउने,
(४) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याई देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने, र
(५) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।

६. संस्थाको पूँजी संरचना सम्बन्धी विवरण :

अधिकृत पूँजी : कम्पनीको अधिकृत पूँजी रु.२०,००,००,०००/- (अक्षरेपि बिस करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले २०,००,००० (बिस लाख) थान शेयरमा विभाजन गरिएको छ ।
जारी पूँजी : कम्पनीको जारी पूँजी रु.१४,८५,७५,०००/- (अक्षरेपि चौध करोड पचासी लाख पचहत्तर हजार मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले १४,८५,७५० (चौध लाख पचासी हजार सात सय पचास मात्र) थान शेयरमा विभाजन गरिएको छ ।
चुक्ता पूँजी : कम्पनीको हाल कायम चुक्ता पूँजी रु.११,०६,३२,५००/- (अक्षरेपि एघार करोड छ लाख बत्तिस हजार पाँच सय मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ११,०६,३२५ (एघार लाख छ हजार तीन सय पच्चिस मात्र) थान शेयरमा विभाजन गरिएको छ । स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यु) गरी साधारण शेयरको बाँडफाँड पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी रु.१४,८५,७५,०००/- हुनेछ ।
अधिकृत, जारी तथा चुक्ता पूँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :
यस वित्तीय संस्थाको स्थापना पश्चात् पूँजीमा भएको परिवर्तन सम्बन्धी विवरण :

क्र.सं.	आर्थिक वर्ष	अधिकृत पूँजी (रु.)	जारी पूँजी (रु.)	चुक्ता पूँजी (रु.)	चुक्ता पूँजी प्रतिशत	कैफियत
१	२०७७/०७८	१०,००,००,०००	९,००,००,०००	६,३०,००,०००	७०%	संस्थापक शेयर पूँजी ७० प्रतिशत र कल इन एडभान्समा संस्थापकहरुले जम्मा गरेको थप पूँजी ३७.५८ प्रतिशत
२	२०७८/०७९	२०,००,००,०००	१४,८५,७५,०००	११,०६,३२,५००	७४.४६%	मर्जर भएपछि २०७८/०९/२० को कम्पनी रजिष्ट्रार कार्यालयको अभिलेख अनुसार

७. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछः

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम रु.	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु समूह	१०,४०,०२५	७०%	१०,४०,०२,५००/-	शतप्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी समेत)	४,४५,७२५	३०%	४,४५,७२,५००/-	यस मध्ये ६६,३०० शेयर कित्ता बिक्री भई सकेको, र एफपीओ जारी गर्न बाँकी रहेको ३७९,४२५ शेयर कित्ता
	जम्मा	१४,८५,७५०	१००%	१४,८५,७५,०००/-	

८. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

यस वित्तीय संस्थाको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालकहरु रहेको सञ्चालक समिति देहाय बमोजिम गठन हुनेछ ।

संस्थापक शेयरधनीहरुबाट मनोनित/निर्वाचित	४ जना
सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित	२ जना
स्वतन्त्र सञ्चालक	१ जना
जम्मा	७ जना

सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।

सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था : वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार यस वित्तीय संस्थाको सञ्चालक पदमा नियुक्त हुनका लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्नेछ । तर, स्वतन्त्र सञ्चालक तथा संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो ब्यवस्था लागू हुने छैन ।

९. संचालक तथा आधारभुत शेयरधनीहरुको विवरण :

आधारभुत शेयरधनीहरुको विवरण

सि.नं.	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव	अन्य क्षेत्रको अनुभव
१.	युनिक नेपाल	संस्थापक शेयरधनी	लागू नहुने	नेपाली	राजापुर न.पा.-२, बर्दिया	३,९५,०००	लागू नहुने	लागू नहुने	लागू नहुने
२.	प्रभु बैंक लि.	संस्थापक शेयरधनी	लागू नहुने	नेपाली	बबरमहल, काठमाण्डौ	१,५८,०००	लागू नहुने	लागू नहुने	लागू नहुने
३.	कुमारी बैंक लि.	संस्थापक शेयरधनी	लागू नहुने	नेपाली	टंगाल, काठमाण्डौं	१,०८,०००	लागू नहुने	लागू नहुने	लागू नहुने

सञ्चालकहरुको विवरणः

सि.नं.	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	प्रतिशत	शैक्षिक योग्यता	अनुभव (पूर्व र हाल)
१.	श्री शिव बहादुर चौधरी	अध्यक्ष	४४ वर्ष	नेपाली	ललितपुर उ.म.न.पा.-१, ललितपुर	२०,०००	१.८१	एम.ए.	व्यवसाय क्षेत्रको ११ वर्षको अनुभव, हाल व्यवसायी
२.	श्री सन्तराम धरकटुवा थारु	संस्थापक सञ्चालक	५१ वर्ष	नेपाली	गुलरीय न.पा.-६, बर्दिया	५,०००	०.३४	एमए, बीएल	कानून व्यवसायी क्षेत्रको २५ वर्षको अनुभव
३	श्री पुरन प्रसाद चौधरी	संस्थापक सञ्चालक	४९ वर्ष	नेपाली	कैलारी गा.पा.-५, कैलाली	१९५०	०.१३	बी.ए.	शिक्षण संस्थामा १२ वर्षको अनुभव बचत तथा ऋण सहकारी संस्थामा सचिव ५ वर्ष
४.	श्री जगत राम थारु चौधरी	संस्थापक सञ्चालक	४० वर्ष	नेपाली	राजापुर न.पा.-६, बर्दिया	५,०००	०.३४	एम.ए.	विभिन्न प्रोजेक्टमा १० वर्षको अनुभव
५.	श्री बालिका चौधरी	पब्लिक सञ्चालक	४१ वर्ष	नेपाली	गुलरिया न.पा. वडा नं. १, बर्दिया	१००		बि.एड. एम.एड.	विभिन्न संस्थामा १२ वर्षको कार्य अनुभव
६.	श्री जागेश्वर प्रसाद चौधरी	स्वतन्त्र सञ्चालक	५९ वर्ष	नेपाली	कोहलपुर न.पा.-३, बाँके	नरहेको	०	बिएस्सी ए.जि.	कृषि विकास बैंकमा ३० वर्षको अनुभव

संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरणः

क्र.सं.	नाम तथा पद	योग्यता	कार्यानुभव
१	डा. गोपाल दहित, कार्यकारी निर्देशक	एम.बि.ए, एलएलबी, पिएचडी	युनिक नेपाल (फिंगो) मा १८ वर्ष संरक्षक र योजना तथा नीति निमार्णमा सहयोग । यस वित्तीय संस्थामा ५ वर्षदेखि हालसम्म कार्यकारी निर्देशकको रुपमा कार्यरत रहेको ।
२	श्री मान बहादुर थारु, प्रबन्धक	बि.ए.	युनिक नेपाल ल.वि.स.मा करिव १२ वर्षको अनुभव ।
३	श्री राजेन्द्र कुमार चौधरी, प्रबन्धक	बि.बि.एस.	युनिक नेपाल ल.वि.स.मा करिव ९ वर्षको अनुभव ।
४	श्री मदन चौधरी, प्रबन्धक	एम.ए	युनिक नेपाल लघुवित्त कार्यक्रममा करिव १२ वर्षको अनुभव ।

१०. सीमित दायित्व सम्बन्धी विवरण :

यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरवालाहरुको दायित्व सीमित छ । यस लघुवित्त वित्तीय संस्थाका शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

११. धितोपत्र जारी गर्नुको उद्देश्य :

(१) यस लघुवित्त वित्तीय संस्थाको मिति २०७८/६/८ गते सम्पन्न विशेष साधारण सभा तथा सञ्चालक समितिको मिति २०७८/०५/१९ गते बसेको बैठकको निर्णय अनुसार वित्तीय संस्थाको सर्वसाधारण समूहको प्रति शेयर अंकीत मूल्य रु.१००/- को कित्ता साधारण शेयरहरु अंकित मूल्यमा ३,७९,४२५ कित्ता थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यु) मार्फत बिक्री वितरण गरी लघुवित्त वित्तीय संस्थाको शेयर पूँजी संरचना मिलान गर्ने ।
(२) साविकको युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेड मर्जर भई बनेको यस संस्था को कुल चुक्ता पूँजी रु.११,०६,३२,५००/- (अक्षरेपि एघार करोड छ लाख बत्तीस हजार पाँच सय रुपैयाँ मात्र) को ९४.०१ प्रतिशले हुन आउने संस्थापक समूहको रु.१०,४०,०२,५००/- (अक्षरेपि दश करोड चालिस लाख दुई हजार पाँच सय रुपैयाँ मात्र) र ५.९९ प्रतिशतले हुन आउने सर्वसाधारण समूहको रु.६६,३०,०००/- (अक्षरेपि छैसट्ठी लाख तीस हजार रुपैयाँ मात्र) रकम बराबरको शेयर कायम रहेको हुनाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र नेपाल राष्ट्र बैंकले एक आपसमा गाभ्ने/गाभिने (मर्जर)का लागि अन्तिम स्वीकृति पत्र प्रदान गर्दा दिएको निर्देशन बमोजिम कुल जारी पूँजीको कम्तीमा ३० प्रतिशत शेयर सर्वसाधारणलाई छुट्याउनु पर्ने हुँदा यस संस्थाले रु.३,७९,४२,५००/- रकम बराबरको प्रति शेयर अंकीत मूल्य रु.१००/- दरका ३,७९,४२५ कित्ता साधारण शेयर सर्वसाधारणहरुमा "थप सार्वजनिक निष्काशन" गरी सर्वसाधारण समूहको शेयर स्वामित्व प्रबन्धपत्रमा उल्लेख भए बमोजिम ३० प्रतिशत कायम गर्ने ।
(३) यस वित्तीय संस्थामा मर्जर भएको घोडीघोडा लघुवित्तले पहिले नै आईपीओ जारी गरी सकेकोले युनिकले आईपीओ जारी गर्न बाँकी रहेको शेयरपूँजीलाई धितोपत्र जारी गर्दा आईपीओ नामबाट जारी गर्न नमिल्ने प्राविधिक विषय भएकोले सोही आईपीओ गर्न बाँकी रहेको रकमलाई एफपीओ विधिबाट सर्वसाधारणकोलागि धितोपत्र जारी गर्नु परेको हो । यसको अर्को कारण संस्थापक र सर्वसाधारण शेयरधनीहरुको पूँजी संरचना अनुपात हाल क्रमशः ९४ र ६ प्रतिशत रहेकोलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, प्रबन्धपत्र र नियमावली अनुसार ७० र ३० प्रतिशत कायम गर्नु पर्ने भएकोले हो । एफपीओ गर्दा पूँजीलाभ भन्दा पोलिसी कम्प्लाएन्स जरुरी भएकोले गर्नु पर्ने भएको हो । एफपीओ जारी गर्न भनी नेपाल राष्ट्र बैंकले पटक पटक लिखित निर्देशन दिएको अवस्था समेत रहेको छ ।
(४) लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्ने ।
(५) लघुवित्त वित्तीय संस्थाले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्ने ।

१२. वित्तीय संस्थाको विगत तीन वर्षको लेखापरीक्षण भएको तथा आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा-नोक्सान हिसाब तथा नेटवर्थ सम्बन्धी विवरण:

अ) साविकको युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा मर्जर भई बनेको संस्था **युनिक नेपाल वित्तीय संस्था लिमिटेड**ले मिति २०७८ साल पुस ३० गतेबाट एकिकृत कारोवार शुभारम्भ गरेको हुँदा साविकको युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको विगत वर्षहरुको लेखापरीक्षकबाट प्रमाणित तथा आ.व ०७८/०७९ को वासलात र नाफा-नोक्सान हिसाबको विवरण देहाय बमोजिम रहेको छ :

वासलात

विवरण	वास्तविक (रुकम रु.हजारमा)		
	*आ.व.०७६/०७७	*आ.व.०७७/०७८	#आ.व.०७८/०७९
पूँजी तथा दायित्व			
१. शेयर पूँजी	९६,८२०.००	९६,८२०.००	११०,६३२.५०
२. जगेडा तथा कोषहरु	१२२,०८५.१८	१८८,९०८.७९	२४४,७४७.७९
३. ऋणपत्र तथा बण्ड	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	४९९,७६५.०३	४९१,२५५.७८	८५४,४०९.३८
५. निक्षेप दायित्व	१,७८९,८९३.५७	२,०७६,००९.९६	२,४०३,२८४.६५
६. भुक्तानी दिनु पर्ने बिलहरु	-	-	-
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	-	-	-
८. आयकर दायित्व	-	३,६५८.०६	-
९. अन्य दायित्व	१३०,०६२.५६	१८५,७३१.४९	२४५,९६३.०४
कुल पूँजी तथा दायित्व	२,६३८,६२६.३४	३,०४२,३८४.०८	३,८५९,०३७.३७
सम्पत्ति			
१. नगद मौज्दात	६६०.०६	६८०.०७	१,३०६.४८
२ नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	११,९८९.९०	१३,४८९.९०	१७,७६४.९०
३. बैक /वित्तीय संस्थामा रहेको मौज्दात	२१६,०१५.१६	२०४,०४२.१६	१२६,३३४.१२
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-	-	-
५. लगानी	-	-	-
६. कर्जा सापट तथा बिल खरिद	२,३८१,५५२.८२	२,८००,३०२.००	३,६६२,७३१.८९
७. स्थिर सम्पत्ति	९,३३९.८७	८,०६१.०२	११,२९५.३२
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-
९. अन्य सम्पत्ति	१९,०६८.५३	१५,८०८.९३	३९,६०४.६५
कुल सम्पत्ति	२,६३८,६२६.३४	३,०४२,३८४.०८	३,८५९,०३७.३७

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रुकम रु.हजारमा)		
	*आ.व.०७६/०७७	*आ.व.०७७/०७८	#आ.व.०७८/०७९
१. व्याज आम्दानी	४०८,३७५.४५	४२६,९०८.९५	५३०,९७१.६९
२. व्याज खर्च	२१५,६१५.९१	१८४,७५४.०४	२५२,०१४.५३
खुद ब्याज आम्दानी	१९२,७५९.५४	२४२,१५४.९१	२७८,९५७.१६
४. कमिशन तथा अन्य सञ्चालन आम्दानी	४३,५७७.१८	६७,०९७.९८	६८,८१७.७६
५. सटही घटबढ आम्दानी	-	-	-
कुल सञ्चालन आम्दानी	२३६,३३६.७२	३०९,२५२.८९	३४७,७७४.९२
६. कर्मचारी खर्च	७१,८२०.०२	७६,२६३.००	९१,७१९.४९
७. अन्य सञ्चालन खर्च	५०,६४९.९९	३४,२३४.९६	३५,७७३.७९
८. सटही घटबढ नोक्सान	-	-	-
सम्भावित नोक्सानी ब्यवस्था अघिको सञ्चालन मुनाफा	११३,८६६.७१	१९८,७५४.९३	२२०,२८१.६४
९. सम्भावित नोक्सानी	११६,६३२.४१	७९,९४३.५७	१४८,५५५.४७
सञ्चालन मुनाफा/(नोक्सान)	(२,७६५.७०)	११८,८११.३६	७१,७२६.१७
१०. गैर सञ्चालन आम्दानी/(नोक्सान)	-	(३५.३१)	-
११. सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता	६५,२३२.८४	-	४८,०३४.३०
नियमित कारोवारबाट भएको मुनाफा	६२,४६७.१४	११८,८११.३६	११९,७२५.१६
१२. असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	-	३९४.६१	(१५,२२२.५९)
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी			
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	६२,४६७.१४	११९,२०५.९७	१०४,५०२.५७
१३. कर्मचारी बोनस व्यवस्था	५,६७८.८३	१०,८३६.९१	९,५००.२३
१४. आयकर ब्यवस्था	१५,९१०.३९	३१,६५४.५७	२७,६५२.२६
यस वर्षको	१७,०३६.५०	३२,५१०.७२	२८,५००.७०
गत वर्षको	-	-	-
पर सारिएको आयकर आम्दानी / (खर्च)	(१,१२६.११)	(८५६.१५)	(८४८.४४)
खुद मुनाफा/(नोक्सान)	४०,८७७.९२	७६,७१४.४९	६७,३५०.०७
शेयर संख्या (हजारमा)	६३०	६३०	१,१०६.३३
प्रति शेयर आम्दानी (रु.)	६४.८९	१२१.७७	८२.४४

** युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा मर्जर हुनु अगाडि युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको विगत वर्षहरुको लेखापरिक्षकबाट प्रमाणित वित्तीय विवरण ।*

# युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा मर्जर भए पश्चात् युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडकोको लेखापरीक्षकबाट प्रमाणित वित्तीय विवरण ।

आ) साविकको युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा मर्जर भई बनेको संस्था युनिक नेपाल वित्तीय संस्था लिमिटेडले २०७८ साल पुस ३० गतेबाट एकीकृत कारोवार शुभारम्भ गरेको हुँदा साविकको **घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेड**को विगत ३ वर्षहरुको लेखापरिक्षकबाट प्रमाणित वासलात र नाफा नोक्सान हिसाबको विवरण देहाय बमोजिम रहेको छ :

वासलात

विवरण	वास्तविक (रुकम रु.हजारमा)		
	आ.व.०७५/०७६	आ.व.०७६/०७७	आ.व.०७७/०७८
पूँजी तथा दायित्व			
१. शेयर पूँजी	२७,६२५.००	२७,६२५.००	२७,६२५.००
२. जगेडा तथा कोषहरु	(२,३६९.१९)	(३,५९८.३८)	(७,८७७.४७)
३. ऋणपत्र तथा बण्ड	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	१६७,००२.७१	३१२,३३४.२०	३२२,४६१.१९
५. निक्षेप दायित्व	१८,६५३.६९	३७,६५८.४३	५५,४५७.५१
६. भुक्तानी दिनु पर्ने बिलहरु	-	-	-
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	-	-	-
८. आयकर दायित्व	-	-	-
९. अन्य दायित्व	३४६.७६	१,५९६.४९	१,४८०.६९
कुल पूँजी तथा दायित्व	२११,२५८.९६	३७५,६१५.७३	३९९,१४६.९३
सम्पत्ति			
१. नगद मौज्दात	३७४.१२	१,०८८.२०	६३९.७७
२ नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	-	२९,९००.००	३,२७५.००
३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात	२८,१५०.३९	१४,५२६.५०	३५,८५९.६३
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-	-	-
५. लगानी	-	-	-
६. कर्जा सापट तथा बिल खरिद	१७९,९४३.४५	३२४,२०१.१०	३५६,३३९.९८
७. स्थिर सम्पत्ति	१,७७३.६३	२,५६४.६१	१,९१२.९१
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-
९. अन्य सम्पत्ति	१,०१७.३८	३,३३५.३३	१,११९.६४
कुल सम्पत्ति	२११,२५८.९६	३७५,६१५.७३	३९९,१४६.९३

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रुकम रु.हजारमा)		
	आ.व.०७५/०७६	आ.व.०७६/०७७	आ.व.०७७/०७८
१. व्याज आम्दानी	२४,९८२.०४	४७,४६१.८७	४७,५८८.२४
२. व्याज खर्च	१८,७८७.२५	३३,१८०.४५	३५,२६४.५१
खुद ब्याज आम्दानी	६,१९४.७९	१४,२८१.४३	१२,३२३.७४
४. कमिशन तथा अन्य सन्चालन आम्दानी	५,६७५.०६	८,०४३.५४	४,०६७.००
५. सटही घटबढ आम्दानी	-	-	-
कुल सञ्चालन आम्दानी	११,८६९.८५	२२,३२४.९७	१६,३९०.७३
६. कर्मचारी खर्च	५,४७२.६३	८,४३४.८९	१३,०२५.७३
७. अन्य सञ्चालन खर्च	५,३२६.६०	९,७८३.१७	७,३९८.३८
८. सटही घटबढ नोक्सान	-	-	-
सम्भावित नोक्सानी ब्यवस्था अघिको सञ्चालन मुनाफा	१,०७०.६१	४,१०६.९१	(४,०३३.३८)
९. सम्भावित नोक्सानी	८९०.२५	५,९५१.८८	२,७७७.५४
सञ्चालन मुनाफा/(नोक्सान)	१८०.३६	(१,८४४.९८)	(६,८१०.९२)
१०. गैर सञ्चालन आम्दानी/(नोक्सान)	-	-	-
११. सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता	-	६१५.७९	२,५३१.८३
नियमित कारोवारबाट भएको मुनाफा	१८०.३६	(१,२२९.१९)	(४,२७९.०८)
१२. असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	-	-	-
अनुदान प्राप्त सम्पत्तिको ह्रासकट्टी रकम आम्दानी	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	१८०.३६	(१,२२९.१९)	(४,२७९.०८)
१३. कर्मचारी बोनस व्यवस्था	१६.४०	-	-
१४. आयकर ब्यवस्था	-	-	-
यस वर्षको	-	-	-
गत वर्षको	-	-	-
पर सारिएको आयकर आम्दानी / (खर्च)	-	-	-
खुद मुनाफा/(नोक्सान)	१६३.९७	(१,२२९.१९)	(४,२७९.०८)
शेयर संख्या (हजारमा)	२७६.२५	२७६.२५	२७६.२५
प्रति शेयर आम्दानी (रु.)	०.५९	(४.४५)	(१५.४९)

आ.व. २०७९/०८० चैत्र मसान्तसम्मको लेखापरिक्षण हुन बाँकी तर लेखापरीक्षकबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण देहाय बमोजिम रहेको छ :

वासलात

विवरण	रकम (रु. हजारमा)
पूँजी तथा दायित्व	
१. शेयर पूँजी	११०,६३२.५०
२. जगेडा तथा कोषहरु	१८०,७५५.१८
३. ऋणपत्र तथा बण्ड	७२०,३२६.२०
४. तिर्न बाँकी कर्जा सापट	-
५. निक्षेप दायित्व	२,४७३,१७०.४२
६. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	-
७. आयकर दायित्व	-
८. अन्य दायित्व	२५१,६०३.०४
कुल दायित्व	३,७३६,४८७.३३
सम्पत्ति	
१. नगद मौज्दात	७८३.३१
२ नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	१७,७६४.९०
३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	२६३,२५१.८५
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-
५. लगानी	-
६. कर्जा सापट तथा बिल खरिद	३,३९५,१७५.१०
७. स्थिर सम्पत्ति	१२,२३२.८३
८. गैर बैंकिङ्ग सम्पत्ति	-
९. अन्य सम्पत्ति	४७,२७९.३४
कुल सम्पत्ति	३,७३६,४८७.३३

नाफा-नोक्सान हिसाब

विवरण	रकम (रु. हजारमा)
१. व्याज आम्दानी	३९०,७६१.९२
२. व्याज खर्च	२२३,५२०.७४
खुद ब्याज आम्दानी	१६७,२४१.१८
३. कमिशन तथा डिस्काउण्ट	४८,०४५.३४
४. अन्य सञ्चालन आम्दानी	-
५. सटही घटबढ आम्दानी	-
कुल सञ्चालन आम्दानी	२१५,२८६.५१
६. कर्मचारी खर्च	७१,६७८.२२
७. अन्य सञ्चालन खर्च	१९,७७५.८३
८. सटही घटबढ नोक्सान	-
सम्भावित नोक्सानी ब्यवस्था अघिको सञ्चालन मुनाफा	१२३,८३२.४६
९. सम्भावित नोक्सानी	१८६,०३६.१४
सञ्चालन मुनाफा/(नोक्सान)	(६२,२०३.६७)
१०. गैर सञ्चालन आम्दानी/(नोक्सान)	-
११. सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता	-
नियमित कारोवारबाट भएको मुनाफा	(६२,२०३.६७)
१२. असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	२,३७३.१७
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	(५९,८३०.५१)
१३. कर्मचारी बोनस व्यवस्था	-
१४. आयकर ब्यवस्था	-
यस वर्षको	-
गत वर्षको	
पर सारिएको आयकर खर्च/(आम्दानी)	
खुद मुनाफा/(नोक्सान)	(५९,८३०.५१)
शेयर संख्या (हजारमा)	१,१०६.३३
प्रति शेयर आम्दानी (रु.)	(५४.०८)

वित्तीय संस्थाको आगामी ३ आर्थिक वर्षका लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

वासलात

विवरण	प्रक्षेपित (रु. हजारमा)		
	आ.व.०७९/०८०	आ.व.०८०/०८१	आ.व.०८१/०८२
पूँजी तथा दायित्व			
१. शेयर पूँजी	१४८,५७४.५०	१४८,५७४.५०	१८८,५७४.५०
२. जगेडा तथा कोषहरु	३९८,५१२.६०	५६९,३४६.१७	७७६,४२८.१४
३. ऋणपत्र तथा बण्ड	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	१,०७९,५२७.५१	१,०२७,६६९.२५	७३०,१६९.२५
५. निक्षेप दायित्व	३,२१५,१२५.४७	३,९३६,०८५.२९	४,७४२,२३५.६४
६. भुक्तानी दिनु पर्ने बिलहरु	४४,५७२.३५	२९,७१४.९०	३७,७१४.९०
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	-	-	-
८. आयकर दायित्व	-	-	-
९. अन्य दायित्व	३७६,२२२.१६	३७९,९८४.३८	३८३,७८४.२२
कुल पूँजी तथा दायित्व	५,२६२,५३४.५९	६,०९१,३७४.४९	६,८५८,९०६.६५
सम्पत्ति			
१. नगद मौज्दात	७,०३८.५४	३,९०१.८९	३,४७२.३३
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	१७,७६४.९०	२८,२०५.२०	३७,१२१.५३
३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	२६३,३०२.८५	३०२,१०७.४९	३५४,९४८.४७
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-	-	-
५. लगानी	-	-	-
६. कर्जा सापट तथा बिल खरिद	४,८००,०७७.८६	५,५५९,९६५.७५	६,२३४,०६५.५१
७. स्थिर सम्पत्ति	३६,८३५.२७	५०,३७५.९०	६५,१२३.३८
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-
९. अन्य सम्पत्ति	१३७,५१५.१८	१४६,८१८.२६	१६४,१७५.४३
कुल सम्पत्ति	५,२६२,५३४.५९	६,०९१,३७४.४९	६,८५८,९०६.६५

नाफा-नोक्सान हिसाब

विवरण	प्रक्षेपित (रु. हजारमा)		
	आ.व.०७९/०८०	आ.व.०८०/०८१	आ.व.०८१/०८२
१. व्याज आम्दानी	६५२,९१४.०२	७७२,१११.९६	८७७,२८२.३३
२. व्याज खर्च	३३८,४०६.२१	३३८,४०६.२१	४४०,८९४.२५
खुद ब्याज आम्दानी	३१४,५०७.८१	४३३,७०५.७५	४३६,३८८.०८
४. कमिशन तथा अन्य सञ्चालन आम्दानी	११६,८८९.३३	१७५,१८९.७७	२२६,०९५.८१
५. सटही घटबढ आम्दानी	-	-	-
कुल सञ्चालन आम्दानी	४३१,३९७.१४	६०८,८९५.५१	६६२,४८३.८९
६. कर्मचारी खर्च	१२०,५७७.९७	१२८,२७३.७५	१४४,८८६.७१
७. अन्य सञ्चालन खर्च	६७,०६०.९०	७७,३३९.७०	९०,७०२.२०
८. सटही घटबढ नोक्सान	-	-	-
सम्भावित नोक्सानी ब्यवस्था अघिको सञ्चालन मुनाफा	२४३,७५८.२७	४०३,२८२.०७	४२६,८९४.९९
९. सम्भावित नोक्सानी	१७,१००.००	१९,६८७.६७	२०,१८७.१५
सञ्चालन मुनाफा/(नोक्सान)	२२६,६५८.२७	३८३,५९४.४०	४०६,७०७.८४
१०. गैर सञ्चालन आम्दानी/(नोक्सान)	-	-	-
११. सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता	-	-	-
नियमित कारोवारबाट भएको मुनाफा	२२६,६५८.२७	३८३,५९४.४०	४०६,७०७.८४
१२. असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	(४,१००.००)	(७,१७५.००)	(१०,७६२.५०)
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी			
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	२२२,५५८.२७	३७६,४१९.४०	३९५,९४५.३४
१३. कर्मचारी बोनस व्यवस्था	२०,२३२.५७	३४,२१९.९५	३५,९९५.०३
१४. आयकर ब्यवस्था	६०,६९७.७१	१०२,६५९.८४	१०७,९८५.०९
यस वर्षको	६०,६९७.७१	१०२,६५९.८४	१०७,९८५.०९
गत वर्षको	-	-	-
पर सारिएको आयकर खर्च / (आम्दानी)	-	-	-
खुद मुनाफा/(नोक्सान)	१४१,६२७.९९	२३९,५३९.६२	२५१,९६५.२२
शेयर संख्या (हजारमा)	१,४८६	१,४८६	१,८८६
प्रति शेयर आम्दानी (रु.)	९५.३२	१६१.२३	१३३.६२

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.व. ०७६/०७७	आ.व. ०७७/०७८	आ.व. ०७८/०७९	आ.व. ०७९/०८०	आ.व. ०८०/०८१	आ.व. ०८१/०८२
चुक्ता पूँजी	६३,०००	६३,०००	११०,६३३	-	-	-
जगेडा तथा कोषहरु	१५५,९०५	२२२,७२९	२४४,७४८	-	-	-
कुल	२१८,९०५	२८५,७२९	३५५,३८०	-	-	-
घटाउनेः अपलेखन गर्न बाँकी खर्च				-	-	-
कुल नेटवर्थ	२१८,९०५	२८५,७२९	३५५,३८०	-	-	-
शेयर संख्या (हजारमा)	६३०.००	६३०.००	१,१०६	-	-	-
प्रति शेयर नेटवर्थ (रु.)	३४७.४७	४५३.५४	३२१.२३	-	-	-
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	-	-	-
नेटवर्थमा प्रतिफल	१८.६७%	२६.८५%	१८.९५%	-	-	-
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न आवश्यक न्यूनतम प्रतिफल						

नोटः युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडले नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजत पत्र प्राप्त गरी आफ्नो वित्तीय कारोवार मिति २०७५/०९/०१ गतेदेखि सञ्चालन गरेको हुँदा विगत ३ आर्थिक वर्षको मात्र वास्तविक वित्तीय विवरणहरु माथि उल्लेख गरिएको छ ।

साविकको घोडीघोडा लघुवित्त वित्तीय संस्थाको वास्तविक ईपिएस र नेटवर्थ प्रति शेयर देहाय बमोजिम रहेको छ :

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.व. ०७६/०७७	आ.व. ०७७/०७८	आ.व. ०७८/०७९	आ.व. ०७९/०८०	आ.व. ०८०/०८१	आ.व. ०८१/०८२
चुक्ता पूँजी	२७,६२५	२७,६२५	२७,६२५	-	-	-
जगेडा तथा कोषहरु	(२,३६९)	(३,५९८)	(७,८७७)	-	-	-
कुल	२५,२५६	२४,०२७	१९,७४८	-	-	-
घटाउने : अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-
कुल नेटवर्थ	२५,२५६	२४,०२७	१९,७४८	-	-	-
शेयर संख्या (हजारमा)	२७६	२७६	२७६	-	-	-
प्रति शेयर नेटवर्थ (रु.)	९१.४२	८६.९७	७१.४८	-	-	-
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	-	-	-
नेटवर्थमा औसत प्रतिफल	०.६५%	(५.१२%)	(२१.६७%)	-	-	-
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा						

नोटः साविकको घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडले मिति २०७८/०९/२९ गते सम्म मात्र वित्तीय कारोबार सञ्चालन गरेको हुँदा विगत ३ आर्थिक वर्षको मात्र वास्तविक वित्तीय विवरणहरु माथि उल्लेख गरिएको छ ।

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.ब. ०७६/०७७	आ.ब. ०७७/०७८	आ.ब. ०७८/०७९	आ.ब. ०७९/०८०	आ.ब. ०८०/०८१	आ.ब. ०८१/०८२
चुक्ता पूँजी	-	-	-	१४८,५७५	२४८,५७५	३४८,५७५
जगेडा तथा कोषहरु	-	-	-	३९८,५१३	५६९,३४६	७७६,४२८
कुल	-	-	-	५४७,०८७	७१७,९२१	९६५,००३
घटाउनेः अपलेखन गर्न बाँकी खर्च	-	-	-			
कुल नेटवर्थ	-	-	-	५४७,०८७	७१७,९२१	९६५,००३
शेयर संख्या (हजारमा)	-	-	-	१,४८६	१,४८६	१,८८६
प्रति शेयर नेटवर्थ (रु.)	-	-	-	३६८.२२	४८३.२१	५११.७४
प्रति शेयर चुक्ता पूँजी	-	-	-	१००	१००	१००
नेटवर्थमा प्रतिफल	-	-	-	२५.८९	३३.३७	२६.११
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न आवश्यक न्यूनतम प्रतिफल						

साविकको युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा मर्जर भई बनेको संस्था युनिक नेपाल वित्तीय संस्था लिमिटेडले २०७८ साल पुस ३० गतेबाट एकीकृत कारोवार शुभारम्भ गरेको हुँदा प्रक्षेपित वित्तीय विवरणहरु मात्र उल्लेख गरिएको ।

द्रष्टव्यः माथि उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता लघुवित्त वित्तीय संस्थाको हालको दक्षता र निष्काशनकर्ता लघुवित्त वित्तीय संस्थाले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी वि.वि.आर.वि. एण्ड एसोसिएट्सका चार्टर्ड एकाउन्टेन्टले प्रमाणित गरेको हो ।

वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

विवरण	आ.ब.०७९/०८०	आ.ब.०८०/०८१	आ.ब.०८१/०८२
१. कुल निक्षेपमा औषत वृद्धिदर (प्रतिशतमा)	३३.७८%	२२.४२%	२०.४८%
२. कुल कर्जा तथा सापटमा औषत वृद्धिदर (प्रतिशतमा)	२८.६६%	१५.३१%	११.८२%
३. कुल कर्जा तथा निक्षेप+पूँजीकोष अनुपात (प्रतिशतमा)	१५८.४१%	१४९.२०%	१३८.४८%
४. कुल आयमा औषत वृद्धिदर	२७.१४%	२२.७८%	१६.२२%
५. कुल खर्चमा औषत वृद्धिदर	१८.०१%	२२.६६%	१४.१६%
६. सञ्चालन खर्च तथा कुल आम्दानी अनुपात	२५%	२२%	२२%
७. खुद मुनाफामा औषत वृद्धिदर	५६.७४%	२३.०८%	२१.२२%
८. निक्षेपको औषत ब्याजदर (प्रतिशतमा)	७.५७%	८.५०%	९.००%
९. कर्जा तथा सापटको औषत ब्याजदर (प्रतिशतमा)	१४.३७%	१४.००%	१४.००%
१०. आयकर ब्यवस्था (प्रतिशतमा)	३०.००%	३०.००%	३०.००%
११. निस्क्रिय कर्जा सापट (प्रतिशतमा)	२.५५%	१.९७%	१.९३%
१२. लगानीमा प्रतिफल	१४.३७%	१४.००%	१४.००%
१३. अन्य सञ्चालन खर्चका वृद्धिदर	४.८०%	१६.२६%	२४.६७%
१४. कर्मचारी खर्चमा वृद्धिदर	३१.०३%	६.३८%	१२.९५%
१५. % of Provision on Total Gross Loan	५.७५%	५.३३%	५.०७%
१६. तरलता (CRR)	०.५०%	०.५०%	०.५०%
१७. बैधानिक तरलता (SLR)	-	-	-
१८. पूँजीकोष पर्याप्तता (CAR)	१२.१७%	१३.२७%	१५.६६%

माथि उल्लेखित वित्तीय प्रक्षेपणका आधारको औचित्य पुष्टी हुने विवरणहरु :

१. कर्जा तथा सापट : वित्तीय संस्थाको व्यवस्थापनले तयार पारी गर्ने योजना अनुसार आ.व.२०७९/०८०, २०८०/०८१ र २०८१/०८२ मा क्रमशः २८.६६, १५.३१ र ११.८२ प्रतिशतले कुल कर्जा वृद्धि हुने प्रक्षेपण गरिएको छ । हाल धेरै नयाँ लघुवित्त वित्तीय संस्थाहरुको बजारमा प्रवेश भएको र सो कारणले गर्दा लघुवित्त कारोबारमा अत्याधिक प्रतिस्पर्धा हुने भएकोले आगामी वर्षहरुमा कर्जा तथा सापट प्रवाह गर्न हालको भन्दा कठिनाई हुने देखिएकोले आ.व.२०७९/०८० र २०८०/०८१ मा कर्जा तथा सापटको वृद्धिदर आ.व.२०८१/०८२ को तुलनामा कम हुन गएको हो ।

कर्जा तथा सापटमा प्राप्त हुने औसत ब्याजदर आ.व.२०७९/०८०, २०८०/०८१ र २०८१/०८२ को लागि १४ प्रतिशत हुने अनुमान गरिएको छ ।

कर्जा तथा सापटको निक्षेप र प्राथमिक पूँजीको अनुपात (CD Ratio) नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी कर्जा तथा सापट प्रक्षेपण गरिएको छ । जस अनुरुप आ.व. २०७९/०८०, २०८०/०८१ र २०८१/०८२ को लागि क्रमशः १५८, १४९ र १३८ प्रतिशत हुने प्रक्षेपण गरिएको छ ।

कर्जा नोक्सानी व्यवस्था आ.व.२०७९/०८०, २०८०/०८१ र २०८१/०८२ को लागि कुल कर्जा तथा सापटको क्रमशः ५.७५, ५.३३ र ५.०७ प्रतिशत कायम रहने अनुमान गरिएको छ ।

२. निक्षेप : संस्थाको आ.व.२०७८/०७९ को असार मसान्तबाट आ.व.२०७९/०८० को चैत्रसम्ममा जम्मा निक्षेपमा लगभग २.९१ प्रतिशतको वृद्धि भएको तथा संस्थाको व्यवस्थापन टिमले गर्ने योजना अनुसार आ.व.२०७९/०८०, २०८०/०८१ र २०८१/०८२ मा क्रमशः ३३.७८, २२.४२ र २०.४८ प्रतिशतले कुल निक्षेप वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

निक्षेप दायित्वमा तिर्नुपर्ने औसत ब्याजदर आ.व.२०७९/०८०, २०८०/०८१ र २०८१/०८२ को लागि ७.५७, ८.५० र ९ प्रतिशत कायम रहने अनुमान गरिएको छ ।

३. तरलता : नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको अनिवार्य मौज्दात (Cash Reserve Requirement) आ.व. २०७९/०८०, २०८०/०८१ र २०८१/०८२को लागि क्रमशः ०.५ प्रतिशत कायम हुने गरी लगानी प्रक्षेपण गरिएको छ ।
४. सञ्चालन नाफाको १० प्रतिशत रकम कर्मचारी बोनस व्यवस्थाको लागि छुट्याएको छ ।
५. आउँदो वर्षहरुको लागि वित्तीय संस्थाले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आयकरको लागि व्यवस्था गरिएको छ ।
६. गत वर्षहरुको वास्तविक आँकडा तथा आउँदो वर्षको सञ्चालन योजनाको आधारमा वित्तीय संस्थाको व्यवस्थापनद्वारा वित्तीय विवरण प्रक्षेपण गरिएको हो ।
७. पूँजी पर्याप्तता (Capital Adequacy) को मात्रा नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी प्रक्षेपण गरिएको छ । जस अनुरुप पूँजीकोषको अनुपात आ.व.२०७९/०८०, २०८०/०८१ र २०८१/०८२ को लागि क्रमशः १२.१७, १३.२७ र १५.६६ प्रतिशत र प्राथमिक पूँजीको अनुपात आ.व.२०७९/०८०, २०८०/०८१ र २०८१/०८२ को लागि क्रमशः ९.७३, ११.१८ र १३.५० प्रतिशत हुने गरी प्रक्षेपण गरिएको छ ।
८. निष्कृय कर्जा : वित्तीय विवरणपत्रको दफा ग.९.क.ऐ मा उल्लेखित वित्तीय विवरणहरु प्रक्षेपण तालिकामा निष्क्रिय कर्जा २०७९/०८० मा २.५५५, २०८०/०८१ मा १.९७५ र २०८१/०८२ मा १.९३५ रहने उल्लेख गरिएको छ । साथै क्रमशः कुल कर्जा नोक्सानी व्यवस्था र कुल कर्जा अनुपात ५.७५५, ५.३३५ र ५.०७५ कायम हुनेछ भनी उल्लेख गरिएको छ ।

१३. अर्न्तनिहित जोखीम तथा सो व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

अन्तर्निर्हित जोखिम र सो को ब्यबस्थापनको लागि ब्यबस्थापनको धारणा निम्नानुसार रहेको छ ।

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम** :
 १. कर्जा सापटी तथा कर्जा लगानीको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।
 २. नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
 ३. वित्तीय श्रोतको अभावबाट लगानीको दायरा संकुचित हुनसक्ने जोखीमहरु ।
(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम** : सो नभएको ।
(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम** :
 १. नयाँ वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
 २. वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
 ३. निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।
(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (cost overrun) को जोखीम** : सो नभएको ।
(ङ) **विदेशी विनिमयको जोखिम** : सो नभएको ।
(च) **कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु** : सो नभएको ।
(छ) **क्षेत्रीयकरण र विश्व व्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम** :
 १. अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
 २. पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्व व्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखीम** :
 १. नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
 २. देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट श्रृजना हुने सम्भावित जोखिमहरु ।
 ३. देशको बैदेशिक नीतिमा हुन सक्ने परिवर्तनबाट उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
(झ) **सञ्चालन इतिहासको अनुभव** : यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/४/१८ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भएको हो । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०७५/७/२५ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृत प्राप्त गरी दश जिल्ला कार्यक्षेत्र भएको "घ" वर्गको वित्तीय संस्थाको हैसियतले मिति २०७८/९/३० गतेदेखि साविकको घोडीघोडा लघुवित्त वित्तीय संस्था एक आपसमा मर्जर गरी कारोबार सञ्चालन गर्दै आइरहेको छ । यस भन्दा पहिले वित्तीय मध्यस्थकर्ता ऐन अनुसार वित्तीय कारोबार गर्ने इजाजतपत्र नेपाल राष्ट्र बैंकबाट प्राप्त गरी करिव १८ वर्ष लघुवित्त कार्यक्रम सञ्चालन गरेको अनुभवी जनशक्ति र ब्यवस्थापन टिम रहेको छ ।
(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखीम** : प्रविधि सम्बन्धी परिवर्तनबाट वित्तीय संस्थाको सञ्चालन तथा कारोबार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो । वित्तीय संस्थाले प्रयोग गर्ने सफ्टवेयरमा प्रविधिको परिवर्तनबाट आउन सक्ने जोखिम व्यवस्थापनको लागि तथ्याङ्कहरुको सुरक्षार्थ Data Backup मा विशेष सतर्कता अपनाईएको छ । त्यसबाट जोखिमलाई न्यूनिकरण गर्न वित्तीय संस्था सक्षम रहेको छ ।
(ट) **अन्य** :
 १. देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
 २. देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

उपरोक्त अनुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :
लघुवित्त वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुनसक्ने जोखिमहरुको लागि लघुवित्त वित्तीय संस्थाले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गरेको छ । लघुवित्त वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको साथै क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानी-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी-नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने लघुवित्त वित्तीय संस्थाको नीति रहेको छ । साथै कोभिड-१९ बाट पर्न सक्ने जोखिम न्युनिकरणको लागि कोभिड-१९ बाट उत्पन्न जोखिमको सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अवलम्बन भए गरेका जोखिम न्युनिकरणका उपायहरुको अवलोकन तथा अध्ययन गरी सोही अनुरुप उपयुक्त व्यावसायिक रणनीति अनुशरण गर्ने ।

जोखिम न्यूनिकरणका लागि संस्थाका सवारीसाधन, स्थिर सम्पत्तिहरु तथा भल्टको बीमा गरेको विवरण :

क्र.सं.	विमा	विमा कम्पनीको नाम	सुरु हुने मिति	अवधी *	प्रिमियम रकम	विमा रकम
१	सम्पत्ति बीमा	शिखर इस्योरेन्स कम्पनी लि	२०७९।०७।२८	१ वर्ष	६७००/१९	३१,९४,२५२/३७
२	क्यास भल्ट नगद बीमा	शिखर इस्योरेन्स कम्पनी लि	२०७९।०५।२१	१ वर्ष	४६३५२/६०	४०,००,०००/-
३	सवारी बीमा	सिद्धार्थ इस्योरेन्स कम्पनी लि	२०७९।०७।१६	१ वर्ष	३८,२४६/५३	३९,५९,८४०/-
४	कर्मचारी दुर्घटना बीमा	शिखर इस्योरेन्स कम्पनी लि	२०७९।०८।०२	१ वर्ष	२,२२,६३०/५०	१५,५४,००,०००/-
५	कर्मचारीको औषधी उपचार स्वास्थ्य बीमा	शिखर इस्योरेन्स कम्पनी लि	२०७९।०८।०२	१ वर्ष	१,०१,९८४/-	३८,००,०००/-
६	कर्मचारीको औषधी उपचार स्वास्थ्य बीमा	शिखर इस्योरेन्स कम्पनी लि	२०७९।११।२१	१ वर्ष	२,६६,७६६/-	१,०२,००,०००/-
७	कर्मचारीको औषधी उपचार स्वास्थ्य बीमा	शिखर इस्योरेन्स कम्पनी लि	२०७९।११।०१	१ वर्ष	३,२६,५४९/-	१,०६,००,०००/-
८	कर्जा सुरक्षण	सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लि	२०७८।०२।१५	प्रत्येक ऋणी सदस्यलाई लगानी गरिएको कर्जा रकम अनुसार फरक हुनेछ ।		
९	स्टोर बीमा	शिखर इस्योरेन्स कम्पनी लि	२०७९।०७।२८	१ वर्ष	६,२९४/१०	३०,००,०००/-

नोटः *माथि उल्लेखित बीमा लेखको समयावधि समाप्त भएको खण्डमा नविकरण गरिनेछ र विगतमा पनि निरन्तर नविकरण गरिदै आइएको छ ।

धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम : रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबारमा उतार चढाव आउन सक्ने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१४. सकारात्मक पक्षहरु :

(१) लघुवित्त क्षेत्रका अनुभवी तथा दक्ष व्यक्तिहरुद्वारा स्थापित भएकोले यस लघुवित्त वित्तीय संस्थाको व्यवस्थापन सक्षम तथा प्रभावकारी भएको ।
(२) स्थानीय समुदायमा वित्तीय संस्थाले बनाएको अमिट छाप,
(३) छिटो छरिटो सेवा एवं निर्णय दिने वातावरण,
(४) वित्तीय संस्थाको सञ्चालक समिति र व्यवस्थापनमा रहेको अन्तरर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय स्तरको ज्ञान र अनुभव,
(५) नीतिगत पारदर्शिता र बलियो संस्थागत सुशासन,
(६) सामाजिक जिम्मेवारी र दायित्व,
(७) स्मार्ट क्याम्पेनबाट स्मार्ट प्रमाणपत्र प्राप्त ।

१५. धितोपत्र बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धी ब्यवस्था :

सर्वसाधारण शेयरधनीहरु : स्वीकृत विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैठौं संशोधन सहित)" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।
१. शेयर बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँड गरिनेछ ।
२. बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात् बाँकी रहेको निष्कासित शेयर बिस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुनः दश कित्ताको दरले बाँडफाँड गरिनेछ ।
३. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भएपश्चात् धितोपत्र बाँकी भएमा सोही प्रकृया अपनाई बाँडफाँड गरिनेछ ।
४. उपरोक्त अनुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम १० कित्ता पाउने गरी गोला प्रथाबाट आवेदक छनौट गरि गरिनेछ ।
५. शेयर बाँडफाँड सफ्टवेयर तथा बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ ।
६. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोलीपल्ट सम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराईनेछ । साथै, न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकहरुलाई बाँडफाँड गरी बाँकी रहेको शेयर प्रत्याभुतिकर्ताले प्रत्याभुति सम्बन्धी सम्झौतामा भएको व्यवस्था अनुसार खरिद गर्नेछ ।

(१) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया** : स्वीकृत विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । यदि निष्काशन गरिएको शेयरको संख्या भन्दा कम संख्यामा साधारण शेयर खरिदका लागि दरखास्त प्राप्त हुन आएमा माग बमोजिम शेयर बाँडफाँड गरी बाँकी रहेको शेयर प्रत्याभुतिकर्ताले प्रत्याभुति सम्बन्धी सम्झौतामा भएको व्यवस्था अनुसार खरिद गर्नेछ ।
(२) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था** : शेयर बिक्री बन्द भए पश्चात् नेपाल धितोवपत्र बोर्डले तोकेको समयावधि भित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरी "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका,२०७३" को अनुसूची नं. ७ बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराइनेछ र सोही विवरण अनुरुप आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर बापतको रकम सम्बन्धित आवेदकको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ ।
(३) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर** : "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" पूर्ण रुपमा लागू भईसकेको सन्दर्भमा यो ब्यवस्था लागू नहुने ।
(४) **धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि** : स्वीकृत विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" तथा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था अनुसार निर्धारित समय भित्र बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको ब्यहोरा जनाई प्रचलित व्यवस्था अनुसार निर्धारित अवधि भित्र बाँडफाँडबाट कायम भएका शेयरधनीहरुलाई नीजहरुले आवेदनमा उल्लेख गरेको हितग्राही खातामा शेयरको सूचिकरण भए पश्चात् सोझै जम्मा गर्ने व्यवस्था गरिनेछ ।
(५) **धितोपत्र सूचीकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण:** सो नभएको ।
(६) **धितोपत्र सूचीकरण भैइसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण** : सार्वजनिक निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" बमोजिम साधारण शेयरको बाँडफाँड गरे पश्चात् नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि.मा सूचीकरण र दर्ता गराई शेयर खरिद बिक्री तथा राफसाफको लागि आवश्यक ब्यवस्था मिलाइनेछ ।

१६. नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :

१. यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, कोहलपुर-११, कोहलपुर, बाँके वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लिमिटेडको कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौमा सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिनेछ ।
२. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ठ रकम "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" ले गरेको ब्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त सहभागी बैंक तथा वित्तीय संस्थामा रहेको आफ्नो खातामा रोक्का राखी आस्वा प्रणाली मार्फत आवेदन गर्न सकिनेछ ।
३. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० (दश) कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० (दश) अंकको गुणाङ्कमा अधिकतम १,००० (एक हजार) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछ ।

१७. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

१. कुनै पनि नेपाली नागरिकले स्वीकृत विवरण पत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।
२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनु पर्नेछ ।
३. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फाराम भरी CRN नं. लिनु पर्नेछ ।
४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा उल्लेख गरेको विवरण मिल्नुपर्नेछ ।
५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात् शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ ।
६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनु पर्नेछ ।
७. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसँग आवेदन फारम भरी बुझाउनु पर्नेछः
 क) धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम
 ख) आवेदकको नाम, थर, ठेगाना, नागरिता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल
 ग) नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता
 घ) खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)
 ङ) खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा)
 च) आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना, खाता नं. र खाताको किसिम
 छ) आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।
८. आवेदकले आवेदन दिंदा सि-आस्वा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormant) रहेको हुनुहुँदैन ।
९. आवेदन दिएको रकम वरावरको रकम खातामा हुनु पर्नेछ ।
१०. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
११. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गरिनेछ ।
१२. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।
१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ ।
१४. शेयर बाँडफाँड गरी सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर नीजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।
१५. रु.५ लाखसम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN No.) दरखास्त फारममा खुलाउनुपर्नेछ ।

१८. धितोपत्र निष्कासनबाट प्राप्त पूँजीको उपयोग :

साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली र अन्य प्रचलित कानून बमोजिम "घ" वर्गको वित्तीय संस्थाले गर्न पाउने कार्यको अधिनमा रही वित्तीय संस्थाको व्यावसायिक प्रयोजनमा उपयोग गरिनेछ । साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी वित्तीय संस्थाको नियमित लघुवित्त कारोबार एवं आर्थिक कारोवारहरु विस्तार एवं वृद्धि गर्न उपयोग गरिनेछ, जुन देहाय अनुसार उल्लेख गरिएको छ ।

क्र.सं.	कर्जा प्रवाह गरिने क्षेत्रहरु	करिव रकम (रु.)
१	नेपाल राष्ट्र बैंकबाट स्वीकृत क्षेत्रमा कर्जा लगानी (विपन्न वर्ग कर्जा समेत)	२,७४,४२,५००
२	तरलता व्यवस्थापन अन्तर्गत वित्तीय संस्थाहरुमा मौज्दात	७५,००,०००
३	भौतिक पूर्वाधार तथा शाखा बिस्तार (२०८० पुस मसान्त सम्म ३ वटा शाखा थप गरिनेछ)	३०,००,०००
	जम्मा	३,७९,४२,५००

१९. निष्कासन बैंक (Bankers to the Issue) :

सि.नं.	निष्कासन बैंकको नाम	खाता नम्बर
१.	श्री मुक्तिनाथ विकास बैंक लिमिटेड, कमलादी, काठमाण्डौं ।	०१३१०४००४०६५३२००००२९

साथै आवश्यकता अनुसार निष्कासन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरुलाई समेत निष्कासन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

२०. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

सि.नं.	विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु :
१.	मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं र वेभसाइटः www.muktinathcapital.com
२.	युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर, बाँक र वेभसाइटः www.uniquenepalmicrofinance.com.np
३.	नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर, र वेभसाइटः www.sebon.gov.np

सि.नं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :
१	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सि-आस्वा (CASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको अनलाईन सफ्टवेयर "Mero Share" प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

२१. धितोपत्र बिक्री खुला अबधि :

स्वीकृत विवरणपत्रद्वारा थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू)मार्फत सर्वसाधारणहरुमा जारी गरिने साधारण शेयरको लागि आवेदन दिने कम्तीमा ४ कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधि भित्र सार्वजनिक निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढीमा १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

२२. क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यवस्था :

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (छैठौं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्गस नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "CARE-NP B+ (Is) [Single B Plus (Issuer Rating)]" प्रमाणपत्र प्राप्त गरेको छ । "CARE-NP B+ (Is) [Single B Plus (Issuer Rating)]" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा उच्च जोखिम (high risk of default regarding timely servicing of financial obligations) रहेको भन्ने बुझिन्छ । केयर रेटिङ्गस नेपाल लिमिटेडले CARE-NP AAA (Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड CARE-NP AAA (Is) ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा कम जोखिम अर्थात उच्च सुरक्षित रहेको आधार जनाउँछ र CARE-NP D (Is) ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा बढी जोखिम रहेको जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । यसको अर्थ CARE-NP B+ (Is) को स्थिति CARE-NP B-(Is) को भन्दा एक चिन्ह माथि रहन्छ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा ग.२२.(ट) मा उल्लेख गरिएको छ ।

ग्रेड प्रदान गरेको मिति : मिति २०७९ साल फागुन २६ गते
ग्रेड बहाल रहने अवधि : मिति २०८० साल माघ २१ गते

२३. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

यस थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा एक विशेष कक्षको ब्यवस्था गरिएको छ । लगानीकर्ताको गुनासो सुन्ने र समाधानको लागि अनुपालना अधिकृत श्री अनिल महर्जन सम्पर्क नं: ४५४६१०८/४७० (एक्सटेन्सन १११) लाई तोकिएको छ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.

प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौं
फोन नं. ४५४६१०८/०९/४५४६४७०
इमेलः info@muktinathcapital.com
वेभसाइटः www.muktinathcapital.com